*"न म बुद्धमार्गी हु न क्याथोलिक । म सत्यवादी हुँ र सत्यकै शिक्षा दिन्छु । तपाईंहरु यसलाई बुद्धमार्ग, क्याथोलिक, ताओ आदि जुनसुकै नाम दिन सक्नु हुन्छ म सबैलाई स्वागत गर्दछु ।"*

*~परम गुरु चिङ्ग हाइ~*

*"आन्तरिक शान्ति उपलब्ध हुनासाथ हामीलाई सबैकुरा उपलब्ध हुनेछ । सबै प्रकारका सन्तुष्टिहरु, सांसारिक र स्वर्गीय (दिव्य) चाहनाहरुका इच्छापूर्तिहरु आदि सबै नै ईश्वरको राज्यबाट प्राप्त हुन्छन्; यो भन्नु नै अनादिकाल देखिको हाम्रो माधुर्यता, सनातन ज्ञान र सर्वशक्तिमान सामर्थ्यता आदिको आन्तरिक (आत्मीय) अनुभव हुनु हो ।"*

*~परम गुरु चिङ्ग हाइ~*

*"जगत्मा तिमीले गर्नुपर्ने जे कामहरु छन् ती अवश्य गर तर पूर्ण सहृदयताका साथ गर, यही हो हाम्रो शिक्षा । जिम्मेवार बन र प्रत्येक दिन ध्यान गर । तिमीले स्वयं आफ्नो र जगत्को भलाईका लागि प्रशस्त ज्ञान, अधिक शान्ति र अधिक बुद्धिमत्ता प्राप्त गर्नेछौ । याद राख तिमीभित्र आफ्नै दैवी संपत्ति रहेको छ । तिम्रो आफ्नै शरीरमा ईश्वर विराजमान हुनु हुन्छ भन्ने कुरा नभुल । याद राख तिम्रो हृदयभित्र भगवान् बुद्ध हुनुहुन्छ ।"*

*~परम गुरु चिङ्ग हाइ~*

# परिचय

जसको जीवनको समग्र उद्देश्य नै मानिसको आध्यात्मिक उत्थान गर्ने कार्यमा समर्पित भयो त्यस्ता थोरै मात्र महापुरुषहरु युग-युगदेखि नै मानव समाजमा आविर्भाव भएका छन् । शाक्यमुनि बुद्ध, येशु मसीह र मुहम्मद यस्तै आगन्तुकहरु थिए । यी तीन जनालाई त हामीहरु सबैले चिन्दछौं तर यस्ता धेरै व्यक्तित्वहरु छन् जसलाई हामी चिन्दैनौं । जसले जन समुदायमा शिक्षा दिए तिनीहरु चिनिए तर नदिनेहरु कतिपय अज्ञात रहे । यस्ता व्यक्तित्वहरु विभिन्न समयमा र विभिन्न देशमा विभिन्न नामले प्रसिद्ध भएका छन् । तिनीहरु स्वामी, अवतार, दिव्यपुरुष, रक्षक, देवी माता, सन्देशवाहक, गुरु, सन्त आदि विशेषणबाट परिचित छन् । तिनीहरु हामीलाई दिव्यजीवन, मोक्ष, सिद्धि, मुक्ति र बोधी जस्ता उपलब्धिहरु प्रदान गर्न आएका हुन् । शब्दमा जति भिन्नता देखिए पनि सारभूत अर्थमा अन्तर हुँदैन ।

अभ्यागतहरु अविर्भाव हुने दिव्य स्रोत पनि एउटै हो । तिनीहरुमा उही आध्यात्मिक महानता हुन्छ, पवित्र आचरण हुन्छ र तिनीहरुमा मानवतालाई उच्चता प्रदान गर्ने सामर्थ्य हुन्छ । हाम्रा माझमा पहिलेदेखि नै त्यस्ता पवित्र आत्माहरु हुँदा हुँदै पनि हामी मध्ये थोरैले मात्र तिनीहरुको उपस्थिति अनुभव गरेका छौं । परम गुरु चिङ्ग हाइ पनि ती मध्ये एक हुनुहुन्छ ।

अचेल व्यापक रुपले परिचित हुँदै जानु भएकी परम गुरु चिङ्ग हाइ एउटा जीवन्त साध्वीका रुपमा देखिनु पत्याउन गाह्रै पर्ने कुरा जस्तो लाग्छ । किनभने वहाँ नारी भएको कारणले वहाँ बुद्ध हुन सक्नु हुन्न कि भन्ने कुरा अरु मानिससहित वुद्धमार्गीहरुले पनि भन्ने गर्दछन् । वहाँ एशियन मूलकी हुनुहुन्छ । कतिपय पाश्चात्य

जन समुदायहरु वहाँहरुका मुक्तिदाताको रंगरुप पनि वहाँहरुको (पाश्चात्य) जस्तै हुनुपर्ने सम्भन्छन्। जेहोस्, हामी विश्वको कुनै ठाउँका, कुनै पनि धार्मिक पृष्ठभूमिका किन नहोऊँ, जसले वहाँलाई चिन्ने अवसर पाएको छ र जसले वहाँको शिक्षा ग्रहण गरेको छ त्यसले मात्र जानेको छ कि वहाँ को हुनुहुन्छ र के हुनुहुन्छ भन्नेकुरा यसको बोध निमित्त तपाईंहरुको मनको उदारता र हृदयको पवित्रताले नै भूमिका खेल्दछ। यसले तपाईंको समय र एकाग्रताको मात्र अपेक्षा गर्दछ।

मानिसहरुको धेरैजसो समय जीविकोपार्जन र भौतिक आवश्यकता पूर्ति गर्नमै खर्च हुन्छ। हामीहरु आफ्नो जीवन निर्वाहका लागि तथा आफ्ना प्रियजनका लागि जति सक्दो सुविधा जुटाउनका लागि काम गर्ने गर्दछौं। तर अलिकति समय पायौं कि हाम्रो ध्यान खेलकूद, टि.भी., राजनीति र निन्दाचर्चामा खर्च गर्दछौं। तर जसले देवत्वसंग प्रत्यक्ष संपर्कबाट प्राप्त हुने प्रेमशक्तिको अनुभूति गरेको छ उसले मात्र जीवनका लागि गर्नुपर्ने अरु धेरै कुरा रहेछन् भन्ने बुझेको हुन्छ। यस्तो शुभ समाचार विस्तृत रुपले नफैलिएको कारण हामीलाई खेद अनुभव हुन्छ। हाम्रो जीवनका समस्त संघर्षहरुको समाधान हामीभित्रै चुपचाप पर्खिरहेको हुन्छ। हामीलाई थाहा छ स्वर्ग भनेको एक सास फेर्नु जति मात्रा टाढा छ। जव हामी तपाईंको विवेकशील मनमा चोट पर्न सक्ने कुराहरुलाई अति उत्साहपूर्वक व्यक्त गरी गल्ती गरिरहेका हुन्छौं भने हामीलाई क्षमा गर्नुहोस्। हामीले जुनकुरा देखिराखेका छौं र जुन कुरा बुझिराखेका छौं, त्यसलाई नभनी चुप लागेर बस्नु पनि हाम्रो लागि कठिन काम हो।

हामी परम गुरु चिङ्ग हाइका क्वान यिन पद्धति अपनाउने साधक वा शिष्यहरुले यो प्रारम्भिक पुस्तक तपाईंहरु समक्ष अर्पण गरेका छौं। यसले परम गुरु वा अन्य माध्यमबाट तपाईंहरुलाई दैवी समृद्धिको व्यक्तिगत अनुभवको नजिकै पुऱ्याउने छ भनी आशा गरेका छौं।

गुरुवर चिङ्ग हाइ ध्यान, आन्तरिक एकाग्रताको अभ्यास र प्रार्थनाको महत्वका सम्बन्धमा प्रशिक्षण दिने गर्नुहुन्छ। वहाँको व्याख्या अनुसार यदि हामीहरु

यस जीवनमा वास्तविक रुपमा सुखीरहन चाहन्छौं भने हामीहरुले आफूभित्र रहेको दिव्य शक्तिको उपस्थितिलाई खोजी गर्नुपर्दछ। वहाँ भन्नुहुन्छ वोधिज्ञान भनेको थोरैले मात्र बुझ्ने, घरद्वारै त्याग्नेले मात्र प्राप्त गर्न सक्ने भन्ने कुरा ठीक होइन। वहाँको कार्य नै हामीभित्र रहेको दिव्य शक्तिलाई जागृत गर्नु हो। जसलाई हामी सामान्य जीवनमा प्राप्त गर्न सक्छौं। वहाँ भन्नुहुन्छ: यो यस्तो हो। सत्य हामी सबैलाई अनुभव भइरहेको कुरा हो। तर हामीले त्यसलाई बिर्सिरहेका मात्र हौं। त्यसैकारण हाम्रो जीवनको उद्देश्य के हो, हामीले किन सत्यको अन्वेषण गर्नु पर्दछ, किन ध्यान गर्नु पर्दछ र ईश्वर तथा बुद्ध वा हाम्रो विचारमा ब्रहमाण्डका जोसुकैले सर्व शक्तिमानमा किन विश्वास गर्नु पर्दछ भन्ने कुरा सम्झाउन हाम्रो माझमा कोही आउनु पर्दछ। यसका लागि वहाँको अनुयायी नै हुनु पर्दछ भन्ने कुरा छैन। वहाँले त सबैले आँफूभित्र रहेको परम मुक्ति प्राप्त गर्न सकून् भनेर आफ्नो वोधिज्ञानलाई उदाहरणका लागि प्रस्तुत गर्नु भएको मात्र हो।

यो पुस्तिका परम गुरु चिङ्ग हाइका शिक्षाहरुको परिचयात्मक प्रस्तुति हो। यहाँ प्रस्तुत व्याख्यान, समीक्षा, उद्धरण आदि परम गुरु चिङ्ग हाईको प्रवचनको रेकर्ड, प्रतिलेख र केही वहाँकै अन्य भाषाबाट अनुवादित गरी सबैलाई सम्पादन गरी प्रकाशन गरिएको हो। हामी तपाईंहरुलाई वहाँका मौलिक श्रव्य दृष्य सामग्रीहरुलाई सुनी-हेरी लाभान्वित हुन आग्रह गर्दछौं। तपाईंहरुले लिखित सामग्रीबाट भन्दा पनि बढी अनुभव यी श्रव्यदृश्य साधनहरुबाट पाइने वहाँको सामीप्यतामा पाउनु हुनेछ। वास्तवमा परम अनुभूति त वहाँलाई प्रत्यक्ष दर्शन गर्न सक्नुमा निहित रहेको छ।

गुरुवर चिङ्ग हाइ कसैका लागि आमा हुनुहुन्छ, कसैकालागि बाबा हुनुहुन्छ र कसैका लागि ईष्ट (प्रिय) हुनुहुन्छ। कम्तिमा पनि वहाँ तपाईंले यस संसारमा भेट्टाउनु हुने परम मित्र जस्तै हुनुहुन्छ। वहाँ हामीसंग केही लिन आउनु भएको छैन, बरु दिन मात्र आउनु भएको छ। वहाँले आफ्ना शिक्षा दीक्षा र सहयोगका लागि कुनै शु:ल्क लिनु भएको छैन। वहाँले लिनुहुन्छ त तपाईंका दु:ख कष्ट र सन्तान मात्र त्यो पनि तपाईंले चाहनु हुन्छ भने मात्र।